## निर्णयहरू

(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका पशु सेवा शाखा बाट पेश हुन आएको पशु बिमा सम्बन्धी कार्यविधि २०७५ पास गर्ने निर्णय गरियो ।

(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाभित्र क्रमागतमा परेका (गोमान सिं घाट वडा नं. ६, पाङ्गेघाट वडा नं. ५ , किचकिने घाट वडा नं. ५ ) को पुल निर्माण कार्य अगाडि बढाउनका लागि साविककै साझेदार संस्था हिकोडेफ लाई नै कायदिश दिई निर्माण कार्य अगाडि बढाउने र अगामी आ.व . मा समावेश गरी आवश्यक प्रक्रिया अगाडि बढाउन तपसिलको स्थानमा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक पर्ने D.P.R तयार गर्नको लागि सार्वजनिक खरिद ऐन नियमावली अनुसार कार्यवाही अगाडि बढाउने निर्णय गरियो ।

**तपसिल**

(१) जामुघाट वडा नं.६
(२) छिम्दीघाट वडा नं. २
(३) चुहानथर , डिही वडा नं.४ (पत्थर खोला)
(४) चारघरे वारकोट वडा नं.४ ( पत्थर खोला)
(५) धौलावसेनी घाट ( साविक धौवादी ६,८)
(६) गिरुवारी वजार देखी गुहेरी वडा नं. २,३
(७) गाडा खोला गुहेरी राक्से खोला वडा नं.२

(३) साविकको धौवादी गा.वि.स., देउराली गा.वि.स., हुप्सेकोट गा.वि.स. हाल वडा नं.४, र वडा नं. ३ र वडा नं. ६ मा सामाजिक परिचालक को रुपमा कामकाज गर्दै आउनु भएका सामाजिक परिचालक क्रमशः कमला वि.क., टक माया राम्जाली पुलामी , फुल माया वि.क. लाई २०७५/९ मसान्त सम्म सामाजिक परिचालककै रुपमा कामकाजमा लागाई सोही अनुसारको सेवा सुविधा दिने र २०७५/१०/१ देखी निजलाई पहिला पाएको सेवा सुविधा रु १२०००।- नघटने र नबढने गरी सेवा करारमा सम्झौता गरी कार्यालय सहयोगी पदमा कामकाज गर्न तत् तत् वडाहरुमा लगाउने निर्णय गरियो ।

३.(क) यस गाउँपालिकाको मिति २०७५/१/७ मा बसेको गाउँकार्यपालिको बैठकको निर्णयानुसार गाउँपालिकामा अध्यक्षको स्वकीय सचिव को रुपमा काम गर्दै आउनु भएका रसिक लामिछाने लाई मिति २०७५/४/१ देखि ०७६ असाढ मसान्त सम्मको लागि म्याद थप गरी सोही अनुसारको सेवा सुविधा प्रदान गर्ने निर्णय गरियो ।

(४) यस गाउँपालिकाको प्रथम र दोश्रो गाउँसभाबाट यस गा.पा. अन्तर्गत वडा नं. २ कोलियामा गाउँपालिका स्तरीय रंगशाला निर्माणको लागि स्थान छनौट गरिएकोमा छनौट गरिएको स्थान वन क्षेत्र भित्र पर्ने देखिएको भएतापनि उक्त स्थानमा हाल वन जंगल बाट विरुवा केही खाली चौर मात्र रहेकाले उक्त स्थानमा रंगशाला निर्माणको लागि डिभिजन वन कार्यालय मार्फत सम्बन्धित निकाय बाट सहमति माग गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन निर्णय गरियो ।

(५)  प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा यस गाउँपालिका भित्र संचालनमा रहेका आधारभूत विद्यालयको आधारभूत परीक्षा संञ्चालनको जिम्मा आधारभूत उत्तीर्ण परीक्षा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

(६)  प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको तपसिलको विषयगत समितिमा तपसिलका पदाधिकारीहरु लाई मनोनयन गरी सोही अनुसारको कार्य अगाडि बढाउने गरी निर्णय गरियो ।

<u>तपसिल</u>

(१)  <u>विधायन मसौदा समिति</u>

क. पदम वहादुर राना -संयोजक

ख. रोशन थापा -  सदस्य

ग. तारादेवी चुहान - सदस्य

(१०)  प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका योजनाहरु सञ्चालन भै कार्यान्वयनमा आइरहेकोले उपभोक्ताको माग र औचित्यताको आधारमा आवश्यक प्रक्रिया पूरा गरी रु ५००,०००।-बराबरको ४० मिटर पाइप र रु ५००    ,०००।- सम्मको विद्युत पोल खरिद गरी वितरणको व्यवस्था मिलाउने निर्णय गरियो ।

<u>निर्णय ९ (क)</u>

लेकवेसी सहकारी संस्था लि ले हाल बाख्रा संकलनको लागि तयार गरेको संकलन केन्द्र को क्षेत्रमा गाउँपालिकाको भवन निर्माण गरिने भएकोले उक्त बाख्रा संकलन केन्द्र  (खोर) निर्माण गर्नको लागि वडा नं. ४ को टालमति राना (ज्वाला नि.मा.वि. नजिको )को खेत भन्दा पूर्वको जग्गा व्यवस्थापन गर्ने निर्णय गरियो  ।

(११) प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा बहुक्षेत्रीय पोषण योजना तथा खाद्य सुरक्षा कार्यक्रमको बारेमा जानकारी लिई पेश हुन आएको कार्यक्रमलाई स्वीकृत गरि सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

(१२) वडा नम्बर ५ को पोखरी देखि धौवादी रुद्रपुर जोड्ने सडक खण्डको पोखरी राम्चे खण्डमा नयाँ ट्र्याक खोल्नको लागि आगामी गाउँसभामा पहिलो प्राथामिकतामा राखी योजना छनौट गर्ने निर्णय गरियो ।

(१३) राष्ट्रिय पुननिर्माण प्राधिकरण आयोजना कार्यान्वयन इकाईमा दरवन्दी रही हाल यस कार्यालयमा तत् सम्बन्धी कामकाज को लागि खटिनु भएका सव. ओभरसियर गणेश वहादुर एम.सी लाई गाउँपालिकाको योजना सँग सम्बन्धित अन्य  थप काम लगाएकोमा निजले थप काम लगाए वापत थप सेवा सुविधा पाउँ भनी निवेदन समेत पेश गर्नु भएकाले निजको माग अनुसार मिति २०७५ मार्ग २० देखि २०७५ माघ २० गते सम्म मासिक रु १२,००० ।- र ०७५/१०/२१ देखि ०७६ अषाढ मसान्त सम्मको लागि मासिक रु ८,०००।— थप सेवा सुविधा दिई थप कामकाजमा लगाउने निर्णय गरियो ।